**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।


## नेपालमा कोभिड - १९ विरुद्धको खोपको व्यवस्थापन कसरी भइरहेको छ ?

भारत सरकारबाट कमोडिटी ग्रान्ट मार्फत प्राप्त खोप **१० लाख मात्रा**

नेपाल सरकारबाट खरिद गरिएको कोभिसिल्ड खोप **२० लाख मात्रा**

नेपाल सरकारबाट खरिद तयारीमा रहेको खोप **५० लाख मात्रा**

कोभ्याक्स संगठनबाट विभिन्न चरणमा प्राप्त हुने करिब **१ करोड ३० लाख मात्रा** (यस मध्ये **३ लाख ४८ हजार मात्रा** नेपालले प्राप्त गरिसकेको)




स्रोत: डा. समिर कुमार अधिकारी, सहायक प्रवक्ता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## नेपाल अपडेट



घर बनाउने काममा सघाउँदै किशोरी

तस्विर: आयुश यगोल श्रेष्ठ

### परिक्षण


पिसिआर परिक्षण: २१,९७,२३५

पोजेटिभ: २,७४,८१०

उपचाररत: ८७२

मृत्यु : ३,०११

सन्चो भएका : २,७०,९२७




Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



कोरोनाको खोप लगाएका व्यक्तिहरूलाई विभिन्न खालका असरहरु देखिनेगरेको भन्ने सुनिन्छ, त्यसैले मैले आफ्नो पालो आउँदा खोप लगाउने की नलगाउने भनेर सोच्न सकेको छैन ।

हाल पहिलो चरणमा खोप लगाएका ४,२९,७०५ जना मध्ये १,९११ जनालाई सामान्य प्रकारका असरहरु देखिएको स्वास्थ्य मन्त्रालयको तथ्यांकले देखाएको छ । जस अनुसार सुई लगाएको भागमा दुख्ने, सुन्निने, गाँठो पर्ने, टाउको दुख्ने, जिउ दुख्ने, जोर्नीहरु दुख्ने, रुघा खोकी लाग्दा (फ्लु) जस्ता लक्षण देखिने, मध्यम ज्वरो आउने, वाक वाक लाग्ने र वान्ता हुने जस्ता लक्षणहरु देखिएका छन् । त्यसै गरेर ९ जनालाई उच्च ज्वरो आए पनि हाल सबैको अवस्था सामान्य रहेको पनि मन्त्रालयले जनाएको छ । यो तथ्यांकले पनि खोप सुरक्षित छ भन्ने देखाउँछ ।


स्रोत: https://cutt.ly/8zuvjzi



दोस्रो चरणमा ५५ वर्ष भन्दा माथिका सबै व्यक्तिलाई खोप लगाउने भनेको थियो तर, अहिले फेरी ६५ वर्ष माथिकालाई मात्र लाउने रे ?

मापदण्ड अनुसार दोस्रो चरणमा ५५ वर्षमाथिका व्यक्तिलाई खोप लगाउने भनिए पनि हाल नेपाल सरकारसँग रहेको खोपको उपलब्धताको आधारमा अहिलेलाई ६५ वर्ष माथिका सबै व्यक्तिलाई खोप लगाउने र बाँकीलाई खोप उपलब्ध भएपछि लगाउँदै जाने योजना सरकारले बनाएको छ । तर, हिमाली भेग र एक पटक पुगेर फेरी जाँदा समय लाग्ने ठाउँमा भने ५५ वर्ष माथिका सबै व्यक्तिलाई अहिले नै खोप लगाउने भनेको छ ।

स्रोत: https://cutt.ly/8zuvjzi



अब मलेसियामा काम गर्ने नेपाली श्रमिक दुर्घटनामा परे उतैको सरकारले क्षतिपूर्ति दिन्छ रे ।

नेपाली श्रमिक मलेसियाको Employment Injury For Foreign Worker (SOCSO) नामको योजनामा सामेल भए पछि त्यस्तो सुविधा पाउँदछन् । जस अन्तरगत, श्रमिकलाई कार्यस्थलमा हुने दुर्घटना वा कार्यस्थलका कारण कुनै रोग लाग्न गएमा क्षतिपूर्ति प्राप्त हुन्छ । यस योजना बमोजिम हुने लाभलाई स्वास्थ्य लाभ, अस्थायी असक्षमता लाभ, आश्रित लाभ, निरन्तर उपस्थिती भत्ता, अन्त्योष्टि खर्च र पुनर्स्थापना सुविधा गरी वर्गिकरण गरिएको छ । श्रमिकको परिवारजनले प्राप्त गर्ने लाभहरुका निम्ती भने SOCSO ले परिवारको लगत अद्यावधिक गरिरहेको छ ।

स्रोत: https://cutt.ly/SzpDMSt



सरकारले नेपाली कामदार टर्की जान नपाउने भनेको हो ?

सरकारले नेपाली कामदार टर्की जान नपाउने भनेको हैन । टर्की स्थीत ELIT TOURISM INVESTMENT INC कम्पनीमा कामदार लैजाने र त्यहाँ पुगेपछि काम तथा सेवा सुविधा नदिई ठगी गरेको उजुरी परेपछि वैदेशिक रोजगार विभागले त्यहाँ जाने कामदारले राम्रोसँग बुझेर मात्र जानु भनेर सबैको लागि सूचना जारी गरेको हो ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/175/lan/ne-NP

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**
को बारेमा बुझ्न नि:शुल्क हटलाईन
viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| | | | | |
|---|---|---|---|---|
| साउदी अरव | ३,३४,४५१ नेपाली | ३,७९,८३१ संक्रमित | ५,८०० नेपाली संक्रमित | ८८ मृत्यु भएका नेपाली |
| कुवेत | ७१,१९३ नेपाली | २,००,५७२ संक्रमित | २,३५० नेपाली संक्रमित | १२ मृत्यु भएक नेपाली |
| बहराईन | २६,००० नेपाली | १२६,६०२ संक्रमित | ४५१ नेपाली संक्रमित | ३ मृत्यु भएका नेपाली |
| कतार | ४,०६,९१७ नेपाली | १,६६,९४९ संक्रमित | २८,२५० नेपाली संक्रमित | १८ मृत्यु भएका नेपाली |
| युएई | २,२४,९०५ नेपाली | ४,१०,८४९ संक्रमित | ५,३५० नेपाली संक्रमित | ३९ मृत्यु भएका नेपाली |
| ओमान | १७,०५७ नेपाली | १,४१,४९६ संक्रमित | ३०० नेपाली संक्रमित | १ मृत्यु भएका नेपाली |
| मलेसिया | ५००,००० नेपाली | ३१४,९८९ संक्रमित | २१०० नेपाली संक्रमित | १ मृत्यु भएका नेपाली |
| दक्षिण कोरिया | ३८,८६२ नेपाली | ९२,८१७ संक्रमित | २९ नेपाली संक्रमित | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

Shramik Sanjal

## यूएई र कुवेतका नयाँ नियमहरु

### कुवेत:

- मार्च २०२० बाट १ महिना सम्म बेलुकी ५ बजे देखी बिहान ५ बजे सम्म कर्फ्यूको लगाईएको छ । कर्फ्यू नियम पालना नगरे देश निकाला समेत गर्न सकिने छ । ५ क्षेत्रमा काम गर्ने व्यक्तिलेमात्र कर्फ्यू पास पाउनेछन् । गलत विवरण पेश गरी पास लिएमा ६ महिना जेल वा ५ हजार कुवेती दिनार सम्म जरिवाना हुन सक्ने छ ।
- सिभिल आउडी सर्भीस (PACI) सेन्टरको समय तालिक परिवर्तन: कुवेती नागरिकलाई बिहान ९ बजे देखी दिउसो १ बजे सम्म, आप्रवासीलाई दिनको १ देखी ४ बजे सम्म ।
- कुवेतमा भिषा (स्पोन्सर ) परिवर्तन सम्बन्धी नयाँ नियम आएको छ ।
- आप्रवासीहरुलाई अर्को निर्णय नभए सम्म प्रवेश निशेध गरिएको छ ।

### यूएई:


- रास अल खैमामा बिवाह पार्टी गर्नको लागि बनाईएका हलहरु अप्रिल ८ सम्मको लागि बन्द गरिनेछन् । सभा सम्मेलन गर्न पाईने छैन ।
- Abu Dhabi मा ३०% क्षमताका साथ सिनेमा हलहरु पून: सूचारु गरिएको छ ।
- दुबई म्युसिपालिटीले ४ वटा ईंटेरिज सेक्सनहरुलाई बन्द गरेको छ ।
- अज्मानमा बृद्ध र अशक्त तथा दिर्घरोग भएका व्यक्तिहरुलाइ Free PCR Test Home Service सुरु गरिएको छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# श्रमिकको कथा

## सरकारले स्वदेशमै रोजगारी दिने योजनाहरु फगत चर्चाका लागि मात्र हुन जस्तो लाग्छ




कोहलपुर नगरपालिका वडा नम्बर ८ का रत्न बस्नेतको आर्थिक अवस्था कमजोर थियो । आफुसँग भएको जग्गामा खेती किसानीले मात्र परिवार पाल्न गाह्रो भयो । १० कक्षा सम्म मात्र पढेका बस्नेतले नेपालमा रोजगारीको अवसर नदेखेपछि ६ महिना सिप विकास कार्यालयबाट पलम्बरको सिप सिके । पारिवारको दयनिय आर्थिक अवस्थालाई सुधार्न कामको खोजिमा साउदी अरब पुगे । विदेशमा उनले मिहेनतको साथ काम गरे । उनी साउदी आर्सीरोडर नामक कम्पनीमा काम गर्दथे । शुरुमा भाषा नबुझेर दु:ख पनि पाए ।

परिश्रमसँग परिवारको लागि सुसी साँट्न वैदेशिक रोजगारी रोजेका बस्नेतले साउदी अरबमा १० वर्ष बिताए । उनले त्यहाँ काम गर्दा आफ्नो परिश्रमको फल पनि राम्रै पाए । विदेशमा पसिना बगाईरहँदा उनलाई एक्लोपन भने महसुस हुन्थ्यो । आफ्नो देश, परिवार, आफ्नो जन्मभुमीको माया लाग्थ्यो । विदेशमा राम्रै आमदानी भएपनि उनी आफ्नो परिवारसँगै बस्न चाहन्थे । त्यसैले, परिवारसँगै बसेर आफ्नै व्यवसाय सञ्चालन गर्छु भन्ने सोचेर उनले आफु कार्यरत कम्पनीमा राजीनामा दिए । पहिले आर्थिक अवस्था कमजोर हुँदा वास्ता नगर्ने साथीभाई, इष्टमित्रहरुले पनि विदेशबाट केही कमाई गरेर फर्किदा राम्रो नजरले हेर्न थाले । उनीसँग भलाकुसारी गर्नथाले । वैदेशिक रोजगारीबाट फर्केपछि उनले आफ्नै ठाउँमा ब्यापार गर्नथाले । आमदानी पनि राम्रो हुँदै गयो ।

४ वर्ष देखी व्यवसाय गर्दै आएको व्यापारमा कोभिड - १९ ले भने नराम्रोसँग असर गऱ्यो । सहयोग पाइन्छ की भनेर पालिका र वडा कार्यालयमा पनि धाए, तर उनको कुरा कसैले सुनेन । उनलाई त्यसै पनि अब वैदेशिक रोजगारीमा जान मन छैन । तर, अप्ठेरो पर्दा सरकारले नहेर्दा भने सरकारले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई स्वदेशमै रोजगारी सृजना गर्ने योजनाहरु फगत चर्चा परिचर्चाका लागि मात्र हुन जस्तो लाग्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा
भएको खर्चको ताजा अपडेट (२०७७ पौष मसान्त सम्म)

**संघिय सरकार**
रु. ८ अर्ब ५९ करोड ९८ लाख

**प्रदेश सरकार**
रु. २ अर्ब ९२ करोड ३ लाख

**स्थानीय सरकार**
रु. ८ अर्ब १० करोड ६७ लाख

**दोहोरो खर्च**
रु १ अर्ब ४९ करोड ७० लाख

**दोहोरो खर्च कटाएर आउने जम्मा खर्च**
रु. १८ अर्ब १२ करोड ९८ लाख

स्रोत: https://cutt.ly/4lfYbPi



# रेडियो कार्यक्रम पद्धती

## संरचना सबैका लागि


रेडियो कार्यक्रम प्रसारणको रेकर्ड तपाईले
YouTube र Soundcloud मा पनि सुन्न सक्नुहुनेछ ।

Civic Action Teams

https://soundcloud.com/accountability_lab

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219